गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा                    ५ न. प्रदेश नेपाल ।

## मोटरबाइक आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मितिः२०७५/०८/०५गते

१.यस गाउँपालिकालाई आवश्यक पर्ने मोटरबाइक आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२.यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म बोलपत्र फारम यस कार्यालयममा अद्यावधिक नविकरण गरको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र, आ.व २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७४/०७५ को कर/ आय विवरण पेश गरेको प्रमाणित प्रतिलिपी र निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३.खरिद गरिएका बोलपत्र फारमहरुको महलहरुको स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४.बोलपत्र फारम दस्तुर यस गाउपालिकाको संचित कोष खाता नं. १२५००९०५८८०८२०१ मा र जमानत वापतको रकम यस गाउँपालिका कार्यालयको जनता बैंक लिमिटेड सुकिदह शाखा रोल्पा मा रहेको खाता नं. -१२५००९०५८८०८२०४ को धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र बोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर रसिद विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५.दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६.प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७.बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८.अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

९.अन्य थप केही कुराहरु बुझ्नु परेमा गंगादेव गाउँपालिका कार्यालयमा कार्यालय समयभित्र कार्यालयको फोन नं. ९८२९५०९२४५ र ९८२२८३५०४४ मा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| ०५/०७५/०७६ | १५० सी.सी. को मोटरसाइकल | थान २ (दुई) | १०००।०० | कम्तिमा कबोल अंकको २.५प्रतिशत |

प्रमुख प्रशासकिय अधिकृत

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सुचना तथा प्रविधि शाखाः यो सुचना यस गाउँपालिकाको वेभ साइटमा अपलोड गरिदिनु हुन अनुरोध छ ।